प्रथम संशोधन मितिः २०७६/०३/०५

दोश्रो संशोधन मितिः २०७६/०७/२५

## साना कृषि सडक निर्माण, मर्मत तथा संचालन कार्यविधि, २०७५

**प्रस्तावना**: प्रदेश सरकारको ▲................. को बजेट कार्यक्रममा रहेको साना कृषि सडक निर्माण तथा मर्मत कार्यक्रम कार्यान्वयन गर्न र ग्रामीण क्षेत्रमा उत्पादन हुने कृषि तथा पशुपंछीजन्य उपजहरुलाई शहरी क्षेत्रमा पुर्याई उपभोक्ताको माग अनुरुप सहज रुपमा आपूर्ति हुने स्थिति सिर्जना गरी कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण मार्फत कृषकहरुको जीवनस्तर अभिवृद्धि गर्न आवश्यक भएकोले प्रदेश सरकार मन्त्रिपरिषद यस कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद– १

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "साना कृषि सडक निर्माण, मर्मत तथा संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) "कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

☼(ख१) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(घ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा (४) अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(ङ) "साझेदार संस्था" भन्नाले साना कृषि सडक निर्माण, मर्मत र संचालन गरी कृषि उपज बजारीकरण गर्न इच्छुक कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनी, स्थानीय उपभोक्ता समिति, तथा सामुदायिक वनलाई सम्झनु पर्छ ।

(च) "साना कृषि सडक" भन्नाले बढीमा दश किलोमिटरसम्म लम्बाई भएका र सो दुरीमा ♣ दश किलोमिटर सम्म लम्बाई, चार देखि छ मिटर सम्म चौडाई भएका र यातायात

▲दोश्रो संशोधनद्वारा हटाइएको

☼ दोश्रो संशोधनद्वारा थप

♣ दोश्रो संशोधनद्वारा संशोधित

संचालित सडक छुने कच्ची प्रकृतिको कृषि पकेट क्षेत्र तथा कृषि फार्मसंग जोडीने सडकलाई सम्झनु पर्छ । ।

(छ) **"स्थानीय तह"** भन्नाले यस प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुने छनः

(क) ग्रामीण क्षेत्रमा उत्पादन हुने विभिन्न कृषि तथा पशुपन्छीजन्य उत्पादनहरुलाई शहरी क्षेत्रमा बिक्रि वितरण गर्न सहज बनाउन साना कृषि सडक निर्माण गरी राजमार्ग, सहायक राजमार्ग (फिडर सडक), जिल्ला स्तरीय तथा ग्रामीण सडकसँग जोड्ने,

(ख) कृषि क्षेत्रलाई व्यवसायिकरण तथा विविधिकरण गर्ने,

(ग) ग्रामीण क्षेत्रमा रोजगार बृद्धि गरी कृषकहरुको जीवनस्तर उकास्ने ।

## परिच्छेद – २

## <u>संस्थागत व्यवस्था</u>

४. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार संस्था छनौटको सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद अन्तरिम कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिमको *कार्यालयमा मूल्याङ्कन समिति रहनेछः-

(२) प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि *कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि *कार्यालयमा पेश गर्ने ।

५. <u>अनुगमन तथा मुल्याङ्कनः</u> (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यालयले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, कृषि विकास निर्देशनालय र कार्यालयले गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

---

* दोश्रो संशोधनद्वारा संशोधित

## परिच्छेद -३

## कार्यक्रम संचालन

**प्रस्ताव आव्हानः** (१) *निर्देशनालयले कार्यक्रम सञ्चालन गर्न इच्छुक साझेदार संस्थाहरुबाट निवेदन दिन *तीस दिनको म्याद दिई अनुसूची-१ बमोजिमको सूचना राष्ट्रिय पत्रिकामा प्रकाशन गरी निवेदन माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम आह्वान गरिएको प्रस्तावमा इच्छुक साझेदार संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा *कार्यालयमा प्रस्ताव र निवेदन दिन सक्नेछन् ।

☼(३) निर्देशनालयले जिल्ला स्थित कार्यालयबाट माग तथा आवश्यकताका आधारमा सम्बन्धित कार्यालयलाई लक्ष्य निर्धारण तथा बजेट बाँडफाँड गरी कार्यालयमा पठाउनु पर्नेछ।

७. **प्रस्तावको जानकारी**: *कार्यालयले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित सम्बन्धित साझेदार संस्थालाई गराइनेछ।

८. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिम सम्वन्धित कार्यालयमा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद – ४

## कार्यक्रम संचालनको आर्थिक पक्ष

९. **अनुदानः** साना कृषि सडक निर्माण र मर्मत गर्न प्रदेश सरकारले स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम कुल लागतको नब्बे प्रतिशत र साझेदार संस्थाले दस प्रतिशत लगानी गर्नु पर्नेछ । साझेदार संस्थाले गर्ने लगानी जनश्रमदान तथा नगद वा दुबै हुन सक्नेछ ।

१०. **भुक्तानी प्रक्रियाः** निर्माण वा मर्मत कार्यको भुक्तानीको लागि साझेदार संस्थाको निर्णय, स्थानीय निकायको *इञ्जिनियर वा सब इञ्जिनियरको कार्य सम्पन्न प्रतिवेदन वा स्थानीय निकायमा

---

* दोश्रो संशोधनद्वारा संशोधित

☼ दोश्रो संशोधनद्वारा थप गरिएको

इञ्जिनियर वा सब इञ्जिनियर नभएको खण्डमा मन्त्रालय वा मातहतको कार्यालयबाट खटिएको इञ्जिनियर वा सब इञ्जिनियरको कार्य सम्पन्न प्रतिवेदन, स्थलगत कार्यसम्पन्न गरेको फोटो र कार्यक्रम हेर्ने सम्बन्धित शाखा प्रमुखको सिफारिशको आधारमा कार्यालयले साझेदार संस्थाको खातामा रकम जम्मा गरी गर्नेछ । कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदार संस्थाले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई सम्बन्धित इञ्जिनियर वा सब इञ्जिनियर/ प्राविधिकको सिफारिशको आधारमा बढीमा तीन किस्तामा भुक्तानी गरिनेछ। यसरी भुक्तानी गर्दा पहिलो किस्ता बीस, दोस्रो किस्ता चालिस र तेस्रो किस्ता चालिस प्रतिशतका दरले भुक्तानी गरिनेछ। बैंक जमानतको आधारमा अनुदान रकमको प्रथम किस्ता बापतको रकम बीस प्रतिशत मोविलाइजेशन पेश्की उपलब्ध गराउन सकिनेछ । ♠साथै अन्तिम किस्ता भुक्तानीका लागि पेश गर्दा साना कृषि सडक निर्माण र मर्मत सम्वन्धी कार्य सम्पन्न प्रतिवेदन, स्थलगत निरिक्षण र जाँच पासका आधारमा सम्बन्धित कार्यालयबाट स्वीकृति गरी भुक्तानी गरिनेछ । नेपाल सरकारको नियमानुसार अग्रिम आयकर कट्टा गरिनेछ।

११. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१२. <u>संशोधन</u>: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१३. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

---

♠ प्रथम संशोधनद्वारा संशोधित

अनुसूची -१

(दफा ६ सँग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५ / /

*यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ , हेटौंडा अन्तर्गतको कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र,............को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना कृषि सडक निर्माण, मर्मत तथा संचालन कार्यविधि, २०७५ अनुसार साना कृषि सडक निर्माण, मर्मत तथा संचालन गर्न इच्छुक यस प्रदेशका कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कम्पनी, स्थानीय उपभोक्ता समिति, तथा सामुदायिक वनले यो सूचना प्रकाशित भएको *३० औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

(१) रु -।१०.को हुलाक टिकट टाँस गरेको निवेदन,

(२) आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(३) संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) दर्तानविकरण/ प्रमाणपत्रको प्रमाणित प्रतिलिप,

(४) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिवद्धतापत्र,

(५) प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान

* दोश्रो संशोधनद्वारा संशोधित

... व्यवस्था कृषि तथा ... प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

प्रस्तावपत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | | |
| ३ | आवदेकको नाम | | | | | |
| ४ | ठेगाना | | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | | | |
| ६ | आवेदकको email address | | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्वर | | | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | | | |
| ९ | आवेदक संस्थाको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | | | | | |
| १० | भ्याट /पान दर्ता नम्बर | | | | | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | | | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | | | |
| १३ | मन्त्रालयसंग माग गरेको रकम रु. | | | | | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | | | |
| १४१. | | | | | | |
| १४२. | | | | | | |
| १४३. | | | | | | |
| १४४. | | | | | | |
| १४५. | | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | | | |
| १५१. | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | | |
| १५२. | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | | | |
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः | | | | | |
| १८१. | | | | | | |
| १८२. | | | | | | |
| १८३. | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कृयाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ |
| १९१. | | | | | | | | | | | | | |
| १९२. | | | | | | | | | | | | | |
| १९३. | | | | | | | | | | | | | |
| १९४. | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०१. | | |
| २०२. | | |
| २०३. | | |
| २०४. | | |

| | | |
|---|---|---|
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २११. | | |
| २१२. | | |
| २१३. | | |
| २१४. | | |

| | |
|---|---|
| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): |
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| | | |
|---|---|---|
| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | |

| | | |
|---|---|---|
| २४ | प्रस्तावित कार्यक्रम सम्वन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४१. | | |
| २४२. | | |
| २४३. | | |
| २४४. | | |

| | | | |
|---|---|---|---|
| २५ | प्रस्तावकसगं विद्यमान जनशक्ति विवरण: | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५१. | | | |
| २५२. | | | |

| | | | |
|---|---|---|---|
| २५.३. | | | |
| २५.४ | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |

**ख) आर्थिक प्रस्तावः**

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र.सं. | मुख्यमुख्य कृयाकलापहरु- | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | मन्त्रालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| | | | | जम्मा रकम रु. | | | | |
| | | | | VAT रकम रु. | | | | |
| | | | | कुल जम्मा रकम रु. | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छुछौं । कहिं/ कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

| प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## सम्झौतापत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ हेटौंडा, अन्तर्गतका कृषि ज्ञान केन्द्र,............... आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित साना कृषि सडक निर्माण, मर्मत तथा संचालन सम्बन्धी मिति .......... गतेको .......... राष्ट्रिय दैनिक स्थानिय दैनिक पत्रिकामा/ स्थानिय साप्ताहिक/ प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ............. को प्रस्ताव छनौट भएको हुंदा कृषि ज्ञान केन्द्र,................ (यसपछि प्रथम पक्ष भनिने) र श्री .................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी साना कृषि सडक निर्माण, मर्मत तथा सञ्चालन कार्यक्रम सञ्चालनका लागी द्विपक्षिय- सम्झौता गरी बुझिलियौं/दियौं ।

## तपशिलः

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित साना कृषि सडक निर्माण, मर्मत तथा संचालन सम्बन्धी कार्यक्रमको लागी विनियोजित रु......... ........... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु .......... कट्टा गरी दोश्रो पक्षलाई रु. ........... ( अक्षरुपी...........................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।

२. दोश्रो पक्षले बांकी रकमको व्यवस्था गरी यस प्रदेशको .................पालीका, ....... नं. वडाको ................... भन्ने स्थानमा .....................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षको वैङ्क खातामा प्रथम पक्षले किस्तावन्दीमा भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित स्थानीय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए वरावरको रकम दोश्रो पक्षवाट सरकारी बाँकीबक्यौता सरह- असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

**दोस्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**प्रथम पक्षको तर्फबाटः**

क्षरःहस्ता

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**रोहवर**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

इति सम्वत् ............... साल ................ महिना ......... गते रोज ........ शुभम् ।